धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३४० ◆ २०८३ असार १२ गते शुक्रबार, Friday, June 26, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## समयमै नतिजा प्रकाशनबाट शिक्षा क्षेत्रमा सुशासनको संकेत

प्रत्यूष समाचारदाता

काठमाडौँ । शिक्षा तथा खेलकुद मन्त्रालयले माध्यमिक तथा उच्च शिक्षाको परीक्षा प्रणालीमा उल्लेखनीय सुधार भएको जनाएको छ ।

मन्त्रालयका अनुसार माध्यमिक शिक्षा परीक्षा (एसइई), कक्षा १२ तथा विश्वविद्यालयस्तरीय परीक्षाका नतिजा विगतको तुलनामा छिटो प्रकाशन हुन थालेका छन्, जसले शिक्षा क्षेत्रमा सुशासन र सेवा प्रवाहको प्रभावकारिता बढाएको छ । सेवा प्रवाहलाई छरितो र नतिजामुखी बनाउन विद्यार्थी भर्ना प्रक्रिया तथा परीक्षा प्रणाली सुधारका लागि एकीकृत कार्यतालिका बनाएर काम गर्नेदेखि डिजिटल सुशासनको अवधारणालाई प्रभावकारी कार्यान्वयनमा लगेको छ । विद्यार्थी भर्ना प्रक्रिया, परीक्षा सञ्चालन तथा नतिजा प्रकाशनलाई व्यवस्थित बनाउन एकीकृत कार्यतालिका लागू गरिएको शिक्षा तथा खेलकुद मन्त्रालयका प्रवक्ता एवं सहसचिव शिवकुमार सापकोटाले बताउनुभयो । शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नं २ समेटिएको शिक्षा मन्त्रालयअन्तर्गतको मुख्य काममा विश्वविद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)ले परीक्षा सम्पन्न भएको मितिले दुई महिनाभित्र परीक्षाफल प्रकाशन गर्ने कार्य प्रारम्भ गर्ने लक्ष्य रहेको थियो । उच्च शिक्षातर्फ विश्वविद्यालय तथा सिटिइभिटीले पनि परीक्षा सम्पन्न भएको करिब दुई महिनाभित्र नतिजा प्रकाशन गर्ने लक्ष्यअनुसार काम गरिरहेका छन् ।

केही विश्वविद्यालयमा पदाधिकारी रिक्तताका कारण निर्णय कार्यान्वयनमा चुनौती देखिए पनि अधिकांश शैक्षिक संस्थाले कार्यपालिका अनुसार काम गरिरहेको प्रवक्ता सापकोटाले बताउनुभयो ।

शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नं २ बमोजिमको मुख्य १० कार्यको प्रगति विवरण मन्त्रालयले अद्यावधि गरेको हो । सोहीअनुसार एसइई २०८२ को नतिजा परीक्षा सम्पन्न भएको २९ दिनमै सार्वजनिक गरिएको छ । यसअघि नतिजा प्रकाशनमा लामो समय लाग्दा विद्यार्थी र अभिभावक अन्योलमा पर्ने गरेका थिए ।

त्यसैगरी राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को नतिजा परीक्षा सम्पन्न भएको ४० दिनमै सार्वजनिक गरेको छ । अघिल्ला वर्षमा यही नतिजा प्रकाशन हुन करिब तीन महिना लाग्ने गरेको थियो । मन्त्रालयले यसलाई परीक्षा व्यवस्थापनमा आएको सकारात्मक परिवर्तनको उदाहरणका रूपमा प्रस्तुत गरेको प्रवक्ता सापकोटाले बताउनुभयो । "डिजिटल सुशासन प्रवर्द्धनअन्तर्गत वैदेशिक अध्ययन अनुमति (एनओसी) प्रक्रियालाई थप सहज बनाउन विश्वविद्यालयको तथ्याङ्क प्रणालीसँग एपिआइ लिङ्क स्थापना गरिएको छ । यसबाट विद्यार्थीको भौतिक उपस्थितिको आवश्यकता घट्ने अपेक्षा गरिएको छ ।

हाल काठमाडौँ विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयको तथ्याङ्क प्रणालीसँग एपिआइ लिङ्क स्थापना भएको छ", प्रवक्ता सापकोटाले भन्नुभयो । समकक्षता प्रमाणपत्रको 'भेरिफिकेसन' प्रक्रिया पनि छिटो बनाइएको उल्लेख गर्दै उहाँले आवश्यक कागजात पूरा भएका आवेदकलाई आवेदन दिएको दिनमै प्रमाणपत्र उपलब्ध गराउन थालिएको बताउनुभयो । उक्त कार्यका लागि यसअघि कम्तिमा दुईदेखि तीन दिन लाग्ने गरेको थियो । यसैबीच, शिक्षकहरूको क्षमता विकासका लागि 'सिकाइ चौतारी' मोबाइल एप सञ्चालनमा ल्याइएको छ ।

## बागमती र गण्डकी प्रदेश प्रमुखबीच भेटवार्ता

बागमती । बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा र गण्डकी प्रदेश डिल्लीराज भट्टबीच बिहीबार पोखरामा भेटवार्ता भएको छ । अन्तर प्रदेश भ्रमणका क्रममा गण्डकी आइपुग्नुभएका बागमती प्रदेश प्रमुख देवकोटालाई पोखरास्थित प्रदेश प्रमुखको निवासमा गण्डकी प्रदेश प्रमुख भट्टले स्वागत गर्नुभएको थियो ।

भेटमा मुलुकको राजधानी अवस्थित प्रदेश र पर्यटकीय राजधानी पोखरा रहेको प्रदेशबीच थप सम्बन्ध प्रगाढ बनाउँदै सहयोग र सहकार्य गर्नुपर्नेमा जोड दिइएको थियो । प्रदेश प्रमुखद्वयले आ-आफ्नो प्रदेशको वस्तुस्थिति र त्यहाँ भइरहेका गतिविधिबारे अनुभव साझा गर्नुभएको बागमती प्रदेश प्रमुखको सचिवालयले जनाएको छ । प्रदेश-प्रदेशबीच भएका राम्रा कामहरूको अनुशरण गर्ने, प्रदेश कार्यालयमा भए गरेका काम र अनुभवहरू साटासाट गर्नेलगायतका विषयमा छलफल गरिएको थियो । छलफलमा प्रदेश प्रमुखद्वयले प्रदेशको संस्थागत विकास र मर्यादा बढाउन संविधान कार्यान्वयन गर्दै अगाडि बढ्न आवश्यक रहेकामा जोड दिनुभएको थियो । उक्त अवसरमा बागमती प्रदेश प्रमुख देवकोटाले गण्डकी प्रदेश प्रमुख भट्टलाई बागमती प्रदेशमा भ्रमणका लागि निमन्त्रणा गर्नुभयो भने गण्डकी प्रदेश प्रमुख भट्टले गण्डकी प्रदेशका प्रमुख पर्यटकीय गन्तव्य समेटिएको तस्बिर प्रदान गर्नुभयो ।

## गृहमन्त्री गुरुङद्वारा उपरदाङगढीको अवलोकन

भरतपुर (चितवन) । गृहमन्त्री सुधन गुरुङले चितवनको ऐतिहासिक तथा पर्यटकीय क्षेत्र उपरदाङगढीको अवलोकन गर्नुभएको छ । बिहीबार त्यहाँ पुगेर उहाँले गढीस्थित कोतघर र ऐतिहासिक किल्लाको अवलोकन गर्नुभएको हो ।

मन्त्री गुरुङले ऐतिहासिकस्थलको संरक्षण गर्दै पर्यटकीय क्षेत्रका रूपमा विकास गर्दै लैजानुपर्नेमा जोड दिनुभयो । उहाँले गढीको विकासका लागि केन्द्र सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । स्थानीयवासीले गढीसम्म पुग्ने सडक पूर्वाधारमा सहयोग गरिदिन गृहमन्त्री गुरुङसमक्ष आग्रह गरेका थिए । चितवनको पहाडी क्षेत्रमा अवस्थित पुरानो सदरमुकाम उपरदाङगढी पछिल्लो नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास भएको छ । एतिहासिक वस्तु अवलोकन सँगै गर्मी छल्न र सूर्योदय हेर्न दैनिक त्यहाँ पर्यटक जाने गरेका छन् ।

## पीएल सिंह टी-२० कपको फाइनलमा काठमाडौँ र पोखरा

प्रत्यूष समाचारदाता

काठमाडौँ । काठमाडौँ र पोखरा महानगरपालिका पीएल सिंह मेमोरियल टी-२० कपको फाइनलमा चरणमा प्रवेश गरेका छन् । काठमाडौँमा चलिरहेको पीएल सिंह मेमोरियल टी-२० कपमा काठमाडौँ र पोखरा महानगरपालिकाले आआफ्ना खेलमा सानदार जित दर्ता गर्दै फाइनलमा स्थान सुरक्षित गरेका छन् ।

असार ५ गतेदेखि त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट मैदान कीर्तिपुरमा चलिरहेको खेलमा बिहीबार १२औँ र १३औँ म्याच सकिएका छन् । उपाधिका लागि काठमाडौँ र पोखराबीच आगामी शनिबार बेलुका फाइनल भिडन्त हुनेछ । प्रतियोगिताको १२औँ खेलमा काठमाडौँ महानगरले विराटनगर महानगरपालिकालाई तीन विकेटले पराजित गर्‍यो । उक्त खेलमा काठमाडौँले टस जितेर पहिले बलिङ गर्ने निर्णय गरेको थियो । पहिले ब्याटिङ गरेको विराटनगरले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १४२ रन बनायो । जसमा सुजन थपलियाले ३९ र दीपक पासवानले अविजित २९ रन जोड्नुभएको थियो ।

बलिङतर्फ काठमाडौँका कृष कार्कीले दुई विकेट तथा विशाल फुयाँल र सन्दीप पराजुलीले पनि समान दुई-दुई विकेट लिनुभयो । जवाफी ब्याटिङमा उत्रिएको काठमाडौँले १८ ओभरमा सात विकेट गुमाउँदै १४३ रनको लक्ष्य पूरा गर्‍यो । काठमाडौँको जितमा ३५ बलमा ५५ रनको अर्धशतकीय पारी खेल्नुभएका शिवम् तिवारी खेलको 'प्लेयर अफ दी म्याच' घोषित हुनुभयो । खेलमा ऋत गौतमले २५ रनको योगदान दिनुभयो । विराटनगरका कृष शर्मा, प्रतीक पोखरेल र दिपेश कँडेलले दुई-दुई विकेट लिए पनि टोलीलाई हारबाट जोगाउन सक्नुभएन ।

बिहीबार (हिजो) बिहान ९:०० बजे भरतपुर महानगरपालिकाविरुद्ध विराटनगर महानगरपालिका र दिउँसो १:०० बजे वीरगञ्ज महानगरपालिकाविरुद्ध पोखरा महानगरपालिकाबीच खेल हुँदैछ । काठमाडौँ महानगरपालिकाले आयोजना गरेको अन्तर महानगर टी-२० खेल अन्तर्गत सबैभन्दा धेरै राशि पुरस्कार भएको खेल हो ।

यसका विजेता टिमले रु ११ लाख र उपविजेता टिमले रु पाँच लाख नगदसहित पुरस्कार प्राप्त गर्नेछ । यस्तै बेष्ट बलर र बेष्ट ब्याट्सम्यानलाई जनही रु २१ हजार, प्लेयर अफ द टुर्नामेन्टलाई रु ५१ हजार नगदसहित पुरस्कृत गरिने आयोजक कामपाले जानकारी दिएको छ ।

## एक महिनामा दुई हजार फरार व्यक्ति पक्राउ

काठमाडौँ । नेपाल प्रहरीले गएको एक महिनामै देशभरबाट विभिन्न मुद्दाका दुई हजार १८२ जना फरार प्रतिवादीहरूलाई पक्राउ गरेको छ । उनीहरु पक्राउ परेसँगै ८०७ वर्ष कैद सजाय कार्यान्वयनमा आएको छ ।

प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले केन्द्रीय अनुसन्धान ब्यूरोबाट १७ जना, काठमाडौँ उपत्यका प्रहरी कार्यालयबाट ३२६ जनालाई पक्राउ गरिएको जानकारी दिनुभयो ।

यस्तै कोशी प्रदेशबाट ३०५ जना, मधेश प्रदेशबाट ५३९, बागमती प्रदेशबाट ३६०, गण्डकी प्रदेशबाट १३२, लुम्बिनी प्रदेशबाट ३२०, कर्णाली प्रदेशबाट ६३ र सुदूरपश्चिम प्रदेशबाट १२० जना पक्राउ परेका हुन् । उक्त अवधिमा पक्राउ परेका प्रतिवादीहरूलाई तोकिएको ८०७ वर्ष एक महिना १३ दिन कैद सजाय कार्यान्वयनमा आएको पनि उहाँले जानकारी दिनुभयो ।

साथै उनीहरूबाट रु २३ करोड ४४ लाख ४३ हजार ८९१ जरिवाना असुलउपर गरिएको छ । फैसला कार्यान्वयन तथा फरार अभियुक्त पक्राउलाई प्रहरीले उच्च प्राथमिकतामा राखी कार्य गरिरहेको छ । कर्तव्य ज्यान, लागुऔषध, जबर्जस्ती करणी, बैंकिङ कसुर, ठगीलगायतका विभिन्न मुद्दामा फैसला ठहर भई फरार रहेका प्रतिवादी पक्राउ गर्ने सन्दर्भमा नेपाल प्रहरीले विशेष अभियान सञ्चालन गरिरहेको उहाँले बताउनुभयो ।

## लागुऔषध दुर्व्यसन नियन्त्रण कार्य थप प्रभावकारी

काठमाडौँ । काठमाडौँ जिल्लामा लागुऔषध दुर्व्यसन नियन्त्रण कार्य थप प्रभावकारी रूपमा अघि बढाउन थालिएको छ ।

सरोकारवाला निकायको सुझाव का आधारमा संयुक्त समन्वयमा दुर्व्यसन विरुद्धका कार्यहरू अघि बढाउने निर्णय गरी कार्यआरम्भ गरिएको काठमाडौँका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले जानकारी दिनुभयो । यसका लागि प्रहरी, होटल व्यवसायी, स्कुल छात्रावास र पुनर्स्थापन केन्द्रसँग सहकार्य गर्न थालिएको छ । स्थानीय तहहरूलाई विभिन्न इच्छुक सङ्घसंस्थाको समन्वयमा सचेतना तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्दै अन्य नियन्त्रण उपायका साथ कार्य सुरु गरिएको पनि उहाँले बताउनुभयो । उहाँले लागुऔषध दुर्व्यसनी पुनर्स्थापना तथा उपचार केन्द्रको विवरण सङ्कलन गर्न प्रशासकीय अधिकृत तारानाथ फुल्लेललाई तोकेरै ती केन्द्रसँग समन्वय गरी विवरण तयार गर्ने काम पनि भइरहेको बताउनुभयो । उहाँका अनुसार यस्तै होटल व्यवसायीले लागुऔषध दुर्व्यसनको सम्भावित जोखिमको अवस्था र सोसँग सम्बद्ध सूचनाहरू नजिकको प्रहरी युनिटलाई तत्काल उपलब्ध गराउन पनि काठमाडौँ प्रशासनले निर्देश गरेको छ ।

काठमाडौँ जिल्लामा सञ्चालन मा रहेका सम्पूर्ण प्रकारका निजी छात्रावासका सञ्चालकहरूले लागू औषध दुर्व्यसनको जोखिमलाई मध्यनजर गरी नजिकको प्रहरी युनिट समेतको सहकार्य र मद्दत लिई विशेष सावधानी अपनाउन लगाइने भएको छ ।

## प्रतिनिधिसभा निर्वाचन २०८२ अवलोकन प्रतिवेदन सार्वजनिक

काठमाडौँ । नेपाल मतदाता अधिकार मञ्चद्वारा प्रतिनिधिसभा निर्वाचन २०८२ सम्बन्धी निर्वाचन अवलोकन प्रतिवेदन सार्वजनिकीकरण गरिएको छ । मञ्चले बिहीबार आयोजना गरेको कार्यक्रममा सो प्रतिवेदन सार्वजनिक गरेको हो ।

सो अवसरमा निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले विषम सुरक्षा तथा राजनीतिक परिस्थितिका बीच पनि निर्वाचन आयोगले प्रतिनिधिसभा निर्वाचन २०८२ सफलतापूर्वक सम्पन्न गर्न सकेको बताउनुभयो । उहाँले तोकिएको समयमा निर्वाचन सम्पन्न हुन नसकेको भए मुलुक संवैधानिक सङ्कटमा फस्ने अवस्था सृजना हुनसक्ने उल्लेख गर्नुभयो । प्रमुख आयुक्त भण्डारीले भन्नुभयो, "२०८२ सालको निर्वाचनलाई विश्वले चासोका साथ नियालिरहेको थियो । सबैको साथ, सहयोग र प्रतिबद्धताले निर्वाचन सफलतापूर्वक सम्पन्न भयो । अहिले देशमा विधायिका पनि कायम छ र संविधान पनि सुरक्षित छ ।"

कावा प्रमुख निर्वाचन आयुक्त भण्डारीले निर्वाचन प्रक्रियामा सम्भव भएसम्म सुधार गर्दै पारदर्शी र विश्वसनीय ढङ्गले निर्वाचन सम्पन्न गरिएको स्पष्ट पार्नुभयो । उहाँले निर्वाचन बिथोल्ने उद्देश्य राखेका समूहहरूको योजना आयोगले असफल बनाएको दाबी गर्दै 'जेनजी आन्दोलन'पश्चात् देशको सुरक्षा अवस्था चुनौतीपूर्ण भए पनि आयोग आफ्नो जिम्मेवारीबाट विचलित नभएको उल्लेख गर्नुभयो । पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले कठिन र चुनौतीपूर्ण परिस्थितिमा सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचन २०८२ आयोगको कडा मिहिनेत, साहस र प्रतिबद्धताको परिणाम भएको बताउनुभयो । "यो निर्वाचनको सफलताले देशभित्रमात्र नभई अन्तरराष्ट्रिय समुदायमा पनि सकारात्मक सन्देश प्रवाह गरेको छ", उप्रेतीले भन्नुभयो ।

कार्यक्रममा ईयू प्रतिनिधि शिव भण्डारी तथा एन्फ्रेल/एनईओसीका अध्यक्ष डा गोपालकृष्ण शिवाकोटीले पनि निर्वाचन आयोगको साहसिक नेतृत्व र व्यवस्थापनका कारण निर्वाचन सफल भएको भन्दै खुसी व्यक्त गर्नुभयो ।

निर्वाचन अवधिभर देशका विभिन्न क्षेत्रमा पुगेर गरिएको अवलोकनका आधार मा प्रतिवेदन तयार गरी सार्वजनिक गरि एको जानकारी दिनुभयो ।

*सम्पादकीय ....*

## संघीयता बलियो बनोस्

जनता अब पहिलाका जस्ता छैनन् । उनीहरूको चेतनाको स्तर बढिरहेको छ, जसका कारण उनीहरू अब धेरै प्रश्न गर्ने क्षमता राख्छन् । त्यसले पनि आफ्नाबारेमा जनताले पहिलाभन्दा धेरै भन्न सक्छन् । सिंहदरबारको अधिकार होइन, सिंहदरबारको विकृति, फजुल खर्च, भ्रष्टाचार र विलासिता मात्र गाउँमा पुग्न थालेको भन्ने गुनासो र असन्तुष्टि उत्तिकै छन् । स्थानीय तह र प्रदेशमा जनप्रतिनिधिले अनावश्यक गाडी खरिद, भत्ता र अनुत्पादक क्षेत्रमा बजेट सिध्याउँदा जनता आक्रोशित भएका छन् । यो स्वाभाविक हो तर त्यसको विकल्प त्यसको समाप्ति होइन ।

बरू रूपान्तरण हो, परिवर्तन हो । रूपान्तरण भनेको जनताको भावना र आकाङ्क्षाको सम्बोधन र सुनुवाइ हो । लोकतन्त्र र सङ्घीयताको उन्नत र पर्याप्तताको अनुभव त्यसलाई अझ उन्नत बनाउँदै लैजाने हो । यसो भनिरहनुका पछाडि सङ्घीयता भर्खरै झाँगिन थालेको एउटा कलिलो बिरुवा जस्तै हो । एक दशकमै कुनै पनि शासन र प्रशासकीय प्रणाली उन्नत हुँदैन ।

अब देशमा पनि परिवर्तनका धेरै धार बगिसकेका छन् । नयाँ पुस्ताको विद्रोहको जगमा अहिले देशमा एउटा नयाँ पार्टीले सत्ताको बागडोर समाल्ने गरी जनताको मत पाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले धेरै नयाँ पुस्तालाई देशको नीति, रणनीति र निर्णायक तहमा पुऱ्याउन सफल भएको छ । यस्तो अवस्थामा उक्त पार्टीले हालैको महाधिवेशनबाट सङ्घीयताको खारेजी गरी शासकीय संरचनाको पुनर्संरचना गर्ने प्रस्ताव गरेको छ । यद्यपि यो एउटा बहसको विषय हो । फजुल खर्च बढेको छ । राज्यलाई आर्थिक भार र सङ्कटले घेरिरहेको छ । तथापि यो एउटा अभ्यास हो, जसका लागि हाम्रा स्थानीय सरकार भर्खरै आफ्नो स्रोतको खोजीतर्फ अघि बढ्न खोजिरहेका छन् । यस्तो अवस्थामा सङ्घीयताको जग भत्काउनु हुन्न । क्षणिक मनोविज्ञानलाई रिझाउन मात्रै देशको संरचना बदल्ने खालको निर्णय गरिहाल्नु भविष्यमा पछुताउनु पनि हुन सक्छ । यो मुद्दालाई मात्रै एउटा पार्टीले आफ्नो इगो र प्रतिष्ठाको विषय बनाउनुहुन्न । त्यसका लागि आमजनताको राय लिनु पर्छ । यो एउटा व्यापक जनछलफलको विषय पनि हो । बृहत् अनि व्यापक सहभागितामूलक छलफल र उदार संस्कारले मात्रै यसको टुङ्गो लाग्न सक्छ । हाम्रा अग्रजले यो परिवर्तनका लागि गरेका तमाम योगदान, सङ्घर्ष, बलिदान र त्यागको इतिहासलाई हतारमा आगो झोस्ने काम कदापि विवेकशील हुन सक्दैन ।

शासकीय यात्रामा अहिले नेपाली नागरिकले एकप्रकारको सिंहदरबार आफ्नै घरद्वारमा उभिएको महसुस गर्न पाएका छन् । किनकि उनीहरूका लागि 'वडा' सरकार नै काफी हुन थालेको छ । भलै केही कमजोरी होलान्, अझै हुनुपर्ने 'डेलिभरि' नपुगेको हुन सक्छ तथापि उनीहरूले आफ्ना पीडा र मर्म घरआँगनमै आफैले चुनेका प्रतिनिधिलाई भन्न पाएका छन् । माथि नै मन्डेलाको भनाइले प्रस्ट पारिसकेको छ कुनै पनि शासकीय पद्धति आफैँमा कहिल्यै पूर्ण हुँदैन, त्यसलाई बनाउँदै लैजानु पर्छ ।


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।



प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ –३,धादिङबेसी,**
**फोन ०१०–५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com


## आम्दानीको मुख्य स्रोत बन्दै दालचिनी

*रामचन्द्र रायमाझी*

पाल्पाको तिनाउ गाउँपालिका सत्यवतीका जीतबहादुर राना ऋणधन गरी आठ वर्षअघि मलेसिया जानुभयो । झण्डै छ वर्ष वैदेशिक रोजगारमा बिताउनुभएका उहाँले त्यहाँ राम्रो कमाइ गर्न नसकेपछि घर फर्कनुभयो । विदेश जानुअघि गाउँमा परिवारले मकै, कोदोखेती लगाउँथे । उहाँ घर फर्किंदा कोदो, मकै छोडेर परिवारका सदस्यहरूले दालचिनीको खेती सुरु गरिसकेका रहेछन् । जीतबहादुर पनि दालचिनी खेतीमै लाग्नुभयो र विदेश जाने क्रम रोक्नुभयो ।

"अब विदेश जान्न गाउँमै दालचिनीको खेती गर्छु भनेर यसैमा लागेको छु", घरआँगनमा दालचिनी स्याहार्दै गर्नुभएका उहाँले भन्नुभयो, "वार्षिक पाँचदेखि आठ लाख आफ्नै गाउँमा कमाइ हुँदोरहेछ । किन विदेश गइरहनु ?" विदेशमै रहेका छोरालाई पनि उहाँले घर बोलाएको बताउनुभयो । खरबारी, भिर, कान्लामा लगाएको दालचिनीबाट गत वर्ष आफूले सात लाख रुपैयाँको कारोबार गरेको र विदेश जाँदा लागेको ऋण समेत चुक्ता गरेको उहाँले बताउनुभयो ।

स्थानीय दमयन्ती दर्लामीले गत वर्ष छोराको बिहे गरिदिनुभयो । बिहेमा झण्डै दुई लाख रुपैयाँ ऋण लाग्यो । उक्त ऋणले दमयन्तीलाई निन्द्रा न भोक नै बनायो । ऋणकै कारण एक वर्षसम्म राम्रोसँग रातमा निदाउन नसकेकी दर्लामी हिजोआज भने राम्रैसँग निद्रा लाग्ने गरेको बताउनुहुन्छ । आफ्ना श्रीमान्ले बारीको कान्लाभरि चार वर्ष अगाडि लगाउनुभएको दालचिनीको पात र बोक्राबाट चार लाख रुपैयाँ हात पऱ्यो । ऋण पनि चुक्ता भयो, झन् केही रकम बचत पनि भएपछि आनन्दले निद्रा लागेको उहाँ आफ्नो अनुभव सुनाउनुहुन्छ ।

दर्लामीकै आफन्त टीकाराम ढाडाको पनि कथा र व्यथा उस्तै छ । गत वर्ष बर्सातका कारण ओत लाग्ने बासै गयो । त्यही बास बनाउन उहाँले चार लाख रुपैयाँ ऋण लिनुपऱ्यो । त्यो ऋणले उहाँलाई पनि लामो समय बेचैन नै बनायो । भनिन्छ 'दुख र अफ्ठ्यारोमा परेकाहरुको साथी भगवान हुन्छन्' भने जस्तै त्यही वर्ष दालचिनी बिक्रीबाट झण्डै तीन लाख र तेजपात बिक्रीबाट एक लाख ५० हजार रुपैयाँ हात पऱ्यो । त्यसले सन्तोषको श्वास लिन सकेको उहाँ बताउनुहुन्छ । रैनादेवी छहरा गाउँपालिका-८ खुर्सानीकी देवीका सारुकी ठूली छोरी कमलाको भविष्यमा नर्स बन्ने सपना थियो । त्यो सपना पूरा गर्न उहाँको पारिवारिक आर्थिक अवस्थाले पुग्दैनथ्यो ।

सारुले पाँच वर्षअघि आफ्नो बाँझो जग्गामा दालचिनी लगाउनुभएको थियो । दालचिनीबाट राम्रो आम्दानी हुन्छ भन्ने उहाँले कल्पनासमेत गर्नुभएको थिएनन् तर घरमै बुटवलबाट व्यापारी दालचिनीका बोक्रा लिन आएपछि उहाँले बल्ल यसबाट राम्रो आम्दानी हुन्छ भन्ने थाहा पाउनुभयो । उहाँले गतवर्ष दालचिनीका पात र बोक्रा बिक्री गरेर रु पाँच लाख आम्दानी गर्न सफल हुनुभयो । त्यही आम्दानीबाट अहिले छोरीको नर्स बन्ने सपना पूरा गर्दै हुनुहुन्छ ।

यस्तै निस्दीको ज्यामिरेका खेमबहादुर सोतीले दुई लाख हालेर ल्याएको बेहुनी भैँसी गत वर्ष गोठमा भएको आगलागीमा परेर मऱ्यो । दूध र घ्यू बिक्रीबाट आम्दानी गर्ने सोच बनाएर झण्डै लाखौं खर्चेर भैँसी किनेर ल्याउनुभएका उहाँले भैँसी नै नरहेपछि त्यही भैँसी किन्दा लागेको ऋण तिर्नकै लागि भारत जाने तयारीमा हुनुहुन्थ्यो तर साथीभाइले खेर गएको तेजपातको बिक्रीबाट राम्रो कमाइ हुन्छ भनेपछि उहाँ रोकिनुभयो । नभन्दै गत वर्षको दसैँमा सोतीले तेजपात बिक्रीबाट तीन लाख रुपैयाँ हात पार्नुभयो । त्यही आम्दानीले भैँसीको ऋण तिर्न सकेको उहाँ बताउनुहुन्छ । यी त केही प्रतिनिधि पात्र मात्रै हुन् । यहाँका धेरै किसानले दालचिनीको पात र बोक्रा बिक्री गरेर राम्रो आम्दानी गर्न सफल भएका छन् । एक पटकको लगानी र कम मिहेनतमा पनि यहाँका किसानले वार्षिक पाँचदेखि आठ लाख रुपैयाँसम्म कमाउन सफल भएका हुन् । खेर गएको जग्गामा लगाएको दालचिनीका बोटबाट पात र बोक्रा बेचेर मनग्य आम्दानी गर्न सकिनेमा किसानहरु पूर्णत: विश्वस्त देखिन्छन् ।

भिरालो जग्गा र खेती गर्न नसकिने जग्गामा पनि दालचिनीका बोट लगाएर आम्दानी गर्न सकिने कचलका व्यावसायिक कृषक थर्कबहादुर बगालेले बताउनुभयो । अन्य खेतीबाट भन्दा दालचिनीबाट फाइदा भएपछि खेतीयोग्य जग्गामा समेत मानिसले दालचिनीका बोट रोप्न थालेको उहाँले बताउनुभयो । दालचिनी मसला तथा औषधिजन्य तेल उत्पादनमा प्रयोग हुने कच्चा वस्तु हो । दुई रोपनी क्षेत्रफलमा लगाएको दालचिनीबाट वार्षिक ५० हजारदेखि एक लाख रुपैयाँसम्म आम्दानी गर्न सकिन्छ । दालचिनी रोपेको तीन वर्षमै आम्दानी गर्न सकिने बगाले बताउनुहुन्छ । दालचिनीको बोक्रा र पातले समेत राम्रो मूल्य पाएपछि यहाँका किसानहरु यसतर्फ आकर्षित भएका छन् ।

पछिल्लो समय मानिस गाउँमा बस्न छाडेको र गाउँमा बसोबास गर्ने किसानका बालीसमेत बाँदरले खान थालेपछि कृषकहरु यसतर्फ आकर्षित भएका हुन् । गाउँ छाडेर सहरमा बसाई गर्ने मानिसले समेत अचेल गाउँको खाली जग्गामा दालचिनीका बिरुवा रोप्न थालेका छन् । जिल्लाको रैनादेवी छहरास्थित खुर्सेनी, बल्deढी, सत्यवती, जुठापौवा, भुवनपोखरी, तिनाउको कचल, दोभान, कोलडाँडा, सत्यवती, ज्यामिरे, बेरुवा, जन्तिलुङ्ग, माथागढीको झडेवा, जगाद गोठादी, भुटुके, रम्भा, पूर्वखोला, निस्दीको अर्चले, ज्यामिरे, भिरपानी, धवला, अदममारा, धनुबाँस लगायतका क्षेत्रबाट वर्षमा पाँच करोड रुपैयाँभन्दा बढीको बोक्रा र पात निकासी हुने गरेको छ ।

### छ वर्षमा ६८ लाख केजी निर्यात

पाल्पाबाट छ वर्षको अवधिमा ६८ लाख नौ हजार ३७ किलोग्राम तेजपात र दालचिनीका बोक्रा निकासी भएको डिभिजन वन कार्यालय पाल्पाका सूचना अधिकारी खिलबहादुर तामाङले बताउनु भयो । उहाँका अनुसार चालु आर्थिक वर्षमा १२ लाख ८४ हजार ४८२ किलोग्राम तेजपात र तीन लाख ४७ हजार ९६९ किलोग्राम दालचिनीका बोक्रा भारत निकासी भएको हो । यस्तै आव २०८१/८२ मा आठ लाख ८१ हजार सात सय ३१ किलोग्राम तेजपात र एक लाख २१ हजार १० किलोग्राम दालचिनीका बोक्रा निकासी भएको छ । यहाँ उत्पादित तेजपात र दालचिनीको प्रमुख बजार भनेको भारत हो । यसलाई भारतमा औद्योगिक कच्चा पदार्थ र मसलाजन्य बस्तुको रुपमा प्रयोग हुने गर्दछ । यहाँका कृषकले सान्यत: तेजपात प्रतिकेजी ५० देखि ६० रुपैयाँ र बोक्रा दालचिनी प्रतिकेजी एक सय रुपैयाँमा बिक्री गर्ने गर्दछन् । तेजपात र दालचिनी यहाँका नागरिकहरुको प्रमुख आम्दानीको माध्यम बनेको डिभिजन वन कार्यालयका प्रमुख मोहन श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, "विपन्न वर्गका नागरिकहरुका लागि यो सहारानै बनेको छ । यसको प्रभाव सकारात्मक परेका कारण प्रत्येक वर्ष बिरुवाको माग बढ्दो छ ।" समुदायमा पुगेर आर्थिक क्षेत्रमा यसको महत्व, नर्सरी स्थापनादेखि भण्डारण, बजारीकरण, कृषकलाई तालिम दिँदै आएको डिभिजन प्रमुख श्रेष्ठको भनाइ छ । वैदेशिक रोजगारमा जान चाहने युवाहरु समेत अहिले दालचिनी व्यवसायिक खेतीतर्फ लागेका छन् ।

### घरमै पुग्छन् स्थानीय व्यापारी

स्थानीय व्यापारी बोक्रा र पात खरिद गर्न घर-घरसम्म आइपुग्छन् । पछिल्लो समयमा दालचिनीको पातबाट किसानले ६० रुपैयाँ र बोक्राबाट एक सय १५ रुपैयाँसम्म गाउँमै पाउने गरेका छन् । गोदाम रहेको स्थानसम्म लग्ने हो भने १०/१५ रुपैयाँ बढी मूल्य पाउँछन् । त्यहाँ तोकिएको मूल्यअनुसार तौलेर ल्याएको दालचिनी ठूला व्यापारीहरुले गोदाममार्फत भारत निकासी गर्दै आएका छन् ।

तेजपात दालचिनी व्यापारी लेखनाथ घिमिरेका अनुसार हाल कृषकको घरमै पुगेर दालचिनीको बोक्रा खरिद गर्ने गरिएको बताउनुभयो । परम्परादेखि नै हुने यहाँका खऱ्यान, पाखोबारीका डिल तथा कान्लामा दालचिनीका बोट प्रशस्त छन् । सुरुमा आफैं उम्रिएका केही दालचिनीका बिरुवालाई संरक्षण गर्दै किसानले बाँकी खाली जग्गामा पनि बिरुवा लगाएका हुन् । दालचिनी बोटका पात र बोक्रा प्रत्येक वर्ष असोजदेखि फागुनसम्म आफू अनुकूल काट्ने गरिन्छ ।

### भान्साको ओखती दालचिनी

दालचिनीलाई दालचिनीबाहेक कतिपयले सुनकाउली, तेजपात भन्छन् । सामान्यत: दालचिनी हाम्रो भान्सामा सहजै उपलब्ध हुने मसला हो । मासु वा तरकारीको स्वाद बढाउन होस् वा चियाको, दालचिनी सबैमा उपयोगी हुन्छ । यसको स्वाद मीठो हुनुको साथै बास्नादार पनि हुन्छ । दालचिनीको उपयोगिता स्वाद बढाउनमा मात्र छैन, विभिन्न औषधीय गुणले भरिपूर्ण समेत छ । दालचिनी खासमा रुखको बोक्रा हो । तेजपत्ता भनेर चिनिने यसको पात पनि स्वादिलो र औषधीय गुणले भरिपूर्ण हुन्छ । दालचिनीमा भिटामिन 'ए', भिटामिन 'बी', क्याल्सियम, आइरन, म्याग्नेसियम र फाइबर हुन्छ । साथै, दालचिनीमा एन्टिफङ्गल, एन्टिब्याक्टेरियल, एन्टिअक्सिडेन्ट तत्वसमेत पाइन्छ । आयुर्वेद तथा वैकल्पिक चिकित्साका विभिन्न विधाहरुमा बढी प्रयोग हुने दालचिनी र तेजपत्ता मस्तिष्कको क्षमता बढाउन वा स्मरण शक्ति बलियो बनाउन उपयोगी मानिन्छ । एक हेक्टर क्षेत्रफलमा एक हजार छ सय बिरुवा लगाउन सकिने दालचिनीको स्थानीय तहमा प्रशोधन केन्द्र स्थापना गर्नतर्फ प्रदेश र सङ्घीय सरकारले पहल गरेको खण्डमा वैदेशिक मुद्रा आर्जन गर्ने बलियो आधार बन्नुको साथै रोजगारीको अवसर सिर्जना हुने र स्वदेशी कच्चा पदार्थको प्रयोगको कारण उद्योग कलकारखाना फष्टाउने थियो ।


### अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

नेपाल सरकार,
**विज्ञापन बोर्ड**

## मझगाउँ विमानस्थल निर्माणः ७५ प्रतिशत काम सकियो

महेन्द्रनगर । कञ्चनपुरको महेन्द्रनगरस्थित मझगाउँ विमानस्थलको स्तरोन्नति कार्य सुस्तगतिमा भइरहेको छ । तीन वर्षमा निर्माण सम्पन्न गर्नेगरी २०७८ सालमा ठेक्का सम्झौता भएको उक्त विमान स्थलको निर्माण हालसम्म ७५ प्रतिशत सकिएको छ। पहिलो चरणको निर्माण अवधिको म्याद सकिएपछि एक वर्ष समयावधि बढाएर काम अघि बढाइएको छ ।

विहीबार मझगाउँ विमानस्थलका कार्यालय प्रमुख मीनराज ओझाले एक हजार ५२५ मिटर रन्वे कालोपत्र गर्नुपर्नेमा एक हजार ४५० मिटर बनिसकेको जानकारी दिनुभयो । लामो समय जग्गा अधिग्रहणको विवादले निर्माण प्रभावित हुँदै आएकामा विमानस्थलको रन्वेका लागि गत वर्ष नेपाली सेनाले जग्गा दिएपछि कामले गति पाएको उहाँले बताउनुभयो ।

"अब ७५ मिटर रन्वे निर्माणका लागि नेपाली सेनाको जग्गा अधिग्रहण प्रक्रियामा छ। त्यसका लागि वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए)को काम चलिरहेको छ", विमानस्थल प्रमुख ओझाले भन्नुभयो, "सेनाबाट कुनै रोकावट नरहेपछि इआइए सकेर थप रन्वे निर्माण सक्ने योजनामा छौँ ।" विमानस्थल स्तरोन्नतिका लागि २०७७ सालमा सङ्घीय सरकार, प्रदेश र स्थानीयमा भीमदत्त र दोधारा-चाँदनी नगरपालिकाबाट समझदारी पत्रमा हस्ताक्षर भएको थियो ।

विमानस्थल पुनःनिर्माणमा भीमदत्त नगरपालिकाको १५ प्रतिशत, दोधारा-चाँदनीको १० प्रतिशत, सुदूरपश्चिम प्रदेश सरकारको २५ प्रतिशत तथा सङ्घीय सरकारको ५० प्रतिशत लगानी रहेको विमानस्थल प्रमुख ओझाले जानकारी दिनुभयो । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसँग जोडिएको मझगाउँ विमानस्थल विस्तारमा निकुञ्ज सुरक्षार्थ खटिएको सेनाको जग्गा विमानस्थलका लागि अधिग्रहण गरिएको छ। विमानस्थलका प्रमुख ओझाले सम्झौतापत्र अनुसार सुदूरपश्चिम प्रदेश सरकारले दिनुपर्ने रु १२ करोडमध्ये रु आठ करोड ७५ लाख रकम मात्रै दिएको बताउनुभयो । भीमदत्त नगरपालिकाले सम्झौता अनुसार रकम उपलब्ध गराएपछि दोधारा-चाँदनीले रु ६६ लाख दिएको छ । "दोधारा-चाँदनीबाट सम्झौताअनुसार रु चार करोड ५० लाख आउनुपर्ने हो", ओझाले भन्नुभयो, "प्रदेश र स्थानीय तहबाट आउनुपर्ने रकम आए काम गर्न सहज हुन्थ्यो ।"

नेपाल नागरिक उड्डयन प्राधिकरणले मझगाउँ विमानस्थलको टर्मिनल भवनका लागि रु १० करोडको प्रस्ताव पेस गरेको ओझाले जानकारी दिनुभयो । "टर्मिनल भवनको डिजाइन पनि यही असार महिनाभित्र बनिसक्छ", उहाँले भन्नुभयो, "आगामी वर्षका लागि बजेट व्यवस्थापन भए हामी ठेक्का आह्वान गर्छौं ।" पछिल्लो समय निर्माण सामग्रीमा भएको मूल्यवृद्धिका कारण पनि निर्माणले गति लिन नसकेको विमानस्थल प्रमुख ओझाको बुझाइ छ । "ससाना काम भइरहेका छन्", उहाँले भन्नुभयो, "गुरुयोजनाअनुसार विमानस्थलको काम अघि बढाउँदै जान्छौँ ।" उहाँले सम्झौतापत्रअनुसार तिनै तहका सरकारले निर्माण सम्पन्न शीघ्र गराउन बजेट व्यवस्थापनमा ढिलाइ गर्न नहुने बताउनुभयो । "यसअघि टर्मिनल भवनका लागि केन्द्रबाट विनियोजन भएको रु पाँच करोड प्रदेश र स्थानीय तहले विनियोजन नगर्दा कार्यान्वयन भएन", ओझाले भन्नुभयो, "समझदारी पत्रअनुसार अग्रसर हुनुपर्यो होइन भने खारेजी प्रक्रियामा गए पनि हुन्छ ।" उहाँका अनुसार रु ४५ करोड ६६ लाखमा ठेक्का सम्झौता विमानस्थल अवलोकनका लागि मन्त्रीदेखि नेतासम्म आउने गरेका छन् । विसं २०३० देखि मझगाउँ विमानस्थलमा हवाई सेवा सुरु भएको थियो । सशस्त्र द्वन्द्वका बेला विसं २०५६ मा सुरक्षाका कारण देखाउँदै विमानस्थल बन्द गरिएको थियो ।

## सीमा नाकामा सहजीकरण गर्न सीमा संवाद टोली गठनको तयार

काठमाडौँ । सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले सङ्गठनलाई प्राप्त 'म्याण्डेड' अनुसार सीमा सुरक्षा, विपद् व्यवस्थापन र राजस्व चुहावट नियन्त्रणमा प्रभावकारी ढङ्गबाट कार्यसम्पादन भइरहेको बताउनुभएको छ ।

सशस्त्र प्रहरी प्रधान कार्यालय हल्चोकमा विहीबार सञ्चारकर्मीसँगको भेटमा उहाँले मौसमजन्य विपद् व्यवस्थापनका लागि पूर्वतयारी र प्रतिकार्य योजना निर्माण गरी सरोकारवाला निकायसँग पूर्ण समन्वयका साथ काम प्रारम्भ भइसकेको बताउनुभयो ।

महानिरीक्षक पौडेलले सीमा सुरक्षालाई विगतभन्दा थप व्यवस्थित बनाउने ढङ्गबाट काम गर्ने प्रयास गरिएको जानकारी दिनुभयो । सीमा अपराध नियन्त्रणको सन्दर्भमा जनशक्ति, प्रविधि र परिचालनको चुनौती भोग्नुपरेको उल्लेख गर्दै उहाँले परिणाममुखी कामका लागि सङ्गठन प्रतिबद्ध रहेको बताउनुभयो ।

राजस्व चुहावट नियन्त्रण सरकारको उच्च प्राथमिकतामा रहेको जानकारी दिँदै उहाँले त्यस विषयलाई सङ्गठनले आत्मसात गरेर सरकारको लक्ष्य प्राप्तिमा कटिबद्ध भएर परिचालित भएको बताउनुभयो। सशस्त्र प्रहरीसम्बन्धी कानुन निर्माणको प्रक्रिया अघि बढिरहेको जानकारी दिँदै महानिरीक्षक पौडेलले त्यसबाट कानुनी र नीतिगत स्पष्टता ल्याउने धारणा राख्नुभयो। उहाँले आर्थिक सुशासन र पारदर्शीता सरकारको मूल लक्ष्य भएको सन्दर्भमा सङ्गठनभित्रका आर्थिक पारदर्शीता र सुशासनसम्बन्धी गुनासालाई समयमै निराकारण गर्न शून्य सहनशीलताको नीति अवलम्बन गरिएको स्पष्ट पार्नुभयो ।

"आन्तरिक सुरक्षालाई मबजुद बनाउने गरी काम भइरहेको छ, अहिले नयाँ कुरा 'सेटअप' गर्नेभन्दा पनि भइरहेको कुराबाट कसरी उत्कृष्ट नतिजा दिने भनेर हामीले काम गरिरहेका छौँ", महानिरीक्षक पौडेलले भन्नुभयो । सरकार र जनताको अपेक्षा पूरा गर्न सशस्त्र प्रहरी बल क्रियाशील रहेका उहाँको भनाइ थियो ।

महानिरीक्षक पौडेलले पछिल्लो समय सङ्गठनको नीति, अनुसन्धान तथा योजना निर्देशनालय गठन गरी सङ्गठनका कार्य जिम्मेवारीलाई विगतभन्दा व्यवस्थित रुपमा अघि बढाउने काम थालिएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "हाम्रा 'म्यान्डेट' र जिम्मेवारीलाई विगतभन्दा पनि भविष्यमा चाहिँ कसरी उत्कृष्ट बनाउने ? हाम्रा जिम्मेवारीलाई कसरी अगाडि लैजाने ? कसरी सङ्गठनलाई विकास-विस्तार गर्ने र यसका विभिन्न आयाममा अनुसन्धान र योजना निर्माण गर्ने उद्देश्यले काम भइरहेको छ ।"

सीमा सुरक्षा तथा सीमा नाकालाई व्यवस्थित बनाउन मुख्य नाकामा 'बोर्डर इन्ट्रयाक्सन टिम' (बिआइटी) संयन्त्र गठन गर्न लागिएको जानकारी दिँदै महानिरीक्षक पौडेलले सो संयन्त्रले नाकामा समकक्षी सङ्गठनसँग समन्वय अभिवृद्धिसँगै यात्रुको आवात-जावतलाई सहजीकरण गर्ने बताउनुभयो। "हाम्रा नाकाहरुबाट दैनिक हजारौँ जनताको आवातजावत हुन्छ, ।

त्यहाँ कसरी सहजीकरण गर्ने, 'काउन्टर पार्ट' सँग पनि समन्वय गर्न सहज होस्, सीमा नाकामा कुनै अप्ठ्यारो नहोस् र गलत क्रियाकलाप नियन्त्रणमा सहयोग पुगोस् भन्ने हेतुले उक्त अवधारणा अघि सारिएको हो", महानिरीक्षक पौडेलले भन्नुभयो, "यो अन्तिम चरणमा पुगेको छ, यसलाई 'पाइलट प्रोजेक्ट' का रुपमा केही नाकाहरुमा लागू गर्छौं ।"

## फेवातालका जलपर्यटन व्यवसायमा प्रशासनको कडाइ

कास्की । पोखरास्थित पर्यटकको प्रमुख आकर्षक गन्तव्यका रूपमा रहेको फेवातालमा पछिल्ला समय दुर्घटनाका घटना बढ्न थालेपछि प्रशासनले जलपर्यटनसँग सम्बन्धित गतिविधि सञ्चालनमा कडाइ गरेको छ । जिल्ला प्रशासन कार्यालय कास्कीले फेवातालमा सञ्चालनमा रहेका डुङ्गा, कायकिङ तथा सर्फिङ व्यवसायलाई थप व्यवस्थित र सुरक्षित बनाउन विहीबार १९ बुँदे निर्देशन जारी गरेको हो ।

सूचनाअनुसार अब डुङ्गा, कायकिङ र सर्फिङमा सहभागी सबैले अनिवार्य रूपमा लाइफ ज्याकेट लगाउनुपर्नेछ । ज्याकेटबिना कुनै पनि जलपर्यटन गतिविधि सञ्चालन गर्न पाइने छैन । सेवा प्रदायकले गतिविधि सुरु गर्नुअघि सेवाग्राहीलाई सञ्चालन विधि, सम्भावित जोखिम, आपतकालीन अवस्था र सुरक्षाका उपायबारे पूर्वजानकारी दिनुपर्ने व्यवस्था गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनुभयो ।

यसैगरी, प्रशासनले कास्कीमा दिउँसोपछि हावाहुरी, चट्याङ र वर्षाको जोखिम बढेको भन्दै सामान्य अवस्थामा दिउँसो २:०० बजेपछि विशेष सावधानी अपनाउन र साँझ ६:०० बजेपछि डुङ्गा, कायकिङ तथा सर्फिङजस्ता जलपर्यटन गतिविधि पूर्ण रूपमा बन्द गर्न निर्देशन दिएको छ ।

मौसम सामान्य भए पनि एक्कासी हावाहुरी चल्नसक्ने भएकाले आवश्यक परे सुरक्षा निकायसँग समन्वय गरेर मात्र सेवा सञ्चालन गर्न सूचनामार्फत भनिएको छ। जलपर्यटन गतिविधिमा देखिएको लापरबाही, दर्ता तथा बिमासम्बन्धी कमजोरी र पछिल्ला दुर्घटनाका घटनालाई ध्यानमा राख्दै प्रशासनले सुरक्षा मापदण्ड कडाइका साथ पालना गर्न निर्देशन दिएको हो ।

जलपर्यटन व्यवसाय दर्ता तथा नवीकरण नगरी सञ्चालन भएको, मूल्यसूची नराखिएको, सेवाग्राहीलाई बिल नदिएको, बिमा नगरिएको तथा असुरक्षित ढङ्गले सेवा प्रदान गरिएको गुनासो प्राप्त भएपछि अनुगमनका क्रममा देखिएका विषयलाई समेटेर सो निर्देशन जारी गरिएको सहायक प्रमुख जिल्ला अधिकारी बरालले बताउनुभयो । त्यस्तै, सोही क्रममा व्यवसायी तथा सञ्चालकले धूमपान, मद्यपान वा लागुपदार्थ सेवन गरेर सेवा सञ्चालन गर्न नपाउने तथा त्यस्तो अवस्थामा रहेका सेवाग्राहीलाई पनि सेवा दिन नपाइने प्रशासनले जनाएको छ ।

## मुस्ताङमा सशस्त्र प्रहरीको विपद् प्रतिकार्य अभ्यास

मुस्ताङ । हिमाली जिल्ला मुस्ताङमा सशस्त्र प्रहरीले मनसुनजन्य विपद् प्रतिकार्यका सन्दर्भमा कृत्रिम अभ्यास गरेको छ। यहाँस्थित सशस्त्र प्रहरी बल नेपाल ३३ नं गुल्मले बुधबार घरपझोङ-४ जोमसोमस्थित कालीगण्डकी नदीमा उक्त अभ्यास गरेको हो ।

सशस्त्र प्रहरीको विपद् प्रतिकार्य अभ्यासमा कालीगण्डकीमा बगिरहेका नागरिकको सुरक्षित उद्धार सम्बन्धी व्यावहारिक अभ्यास गरेको गुल्मका प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक भेषराज गिरीले जानकारी दिनुभयो ।

तालिमका बेला प्रशिक्षार्थीलाई विपद्को अवस्थामा अपनाउनुपर्ने सुरक्षा सावधानी, उद्धार सामग्रीको समुचित प्रयोग तथा नदीको तीव्र बहावमा फसेका व्यक्तिको सुरक्षित उद्धारको विधिका विषयमा ज्ञान दिइएको सशस्त्र प्रहरी नायब उपरीक्षक गिरीले उल्लेख गर्नुभयो ।

यस्ता अभ्यासले समन्वयात्मक र व्यावसायिक रुपमा काम गर्न तथा विपद्जन्य घटनामा सशस्त्र प्रहरी बलको उद्धार क्षमता अभिवृद्धि गरी जनधनको क्षति न्यूनीकरण गर्न योगदान पुग्ने प्रहरी सङ्गठनले विश्वास लिएको छ। हरेक वर्ष साउन र भदौमा मुलुकका ठूला तथा तीनका सहायक नदीमा पानीको बहाव उच्च हुने भएकाले सम्भावित जोखिम न्यूनीकरण गर्न तथा मानवीय जनधनको क्षति कम गर्न सशस्त्र प्रहरी बलले मुलुकभरी नै त्यसप्रकारका तालिम सञ्चालन गर्दै आएको छ ।

## बत्तिस करोड राहत तथा क्षतिपूर्ति

दमौली । सुरक्षित आप्रवासन परियोजना ( सामी)मार्फत तनहुँका सर्वसाधारणले रु ३२ करोडभन्दा बढी राहत तथा क्षतिपूर्ति प्राप्त गरेका छन् । वैदेशिक रोजगारीका क्रममा ठगी तथा मृत्यु भएकाका परिवारले परियोजनामार्फत् रु ३२ करोड १४ लाख ५८ हजार ५१८ आर्थिक सहायता र क्षतिपूर्ति प्राप्त गरेका हुन् ।

परियोजना संयोजक लुना रानाले ठगी, मृत्यु, घाइते लगायतको मुद्दामा सहजीकरण गरी उक्त राहत तथा क्षतिपूर्ति दिलाउन सफल भइएको जानकारी दिनुभयो। उहाँका अनुसार ठगीमा परेकालाई आर्थिक सहायताबापत रु पाँच करोड ४६ लाख ६१ हजार प्रदान गरिएको छ ।

करार उल्लङ्घनमा रु ११ लाख, मृत्यु भएकाका परिवारलाई रु २० करोड ३० करोड ४४ लाख क्षतिपूर्ति प्रदान गरिएको छ । त्यसमध्ये महिला चार जना र पुरुष १२४ का परिवारलाई क्षतिपूर्ति प्रदान गरिएको उहाँले बताउनुभयो । दुर्घटनामा परेका ३९ महिला र ११० पुरुषलाई रु छ करोड १२ लाख ९८ हजार क्षतिपूर्ति प्रदान गरिएको रानाले बताउनुभयो । जेलमा परेकाको पनि उजुरी परे पनि परियोजनामार्फत उनीहरुको उद्धार भने गर्न नसकिएको उहाँले बताउनुभयो । उहाँका अनुसार परियोजनामार्फत २९ जनालाई उद्धार गरी नेपाल फर्काइएको छ ।

तनहुँमा विसं २०७६ देखि यो परियोजना सञ्चालित छ । परियोजना मार्फत वैदेशिक रोजगारीबाट फर्किएका ५८३ महिला र ८३ पुरुषलाई मनो-सामाजिक परामर्श प्रदान गरिएको छ ।

चालु आर्थिक वर्षमा व्यास नगरपालिकाका एक हजार ५५३, शुक्लागण्डकी नगरपालिकाका एक हजार ३२०, भानु नगरपालिकाका एक हजार १४४, भिमाद नगरपालिकाका ८३४, म्याग्दे गाउँपालिकाका ६८४ र देवघाट गाउँपालिकाका ३०८ जनाले परामर्श सेवा प्राप्त गरेको परियोजनाले जनाएको छ ।

## श्रम विभागद्वारा निजी अस्पताल र बैंकको अनुगमन

काठमाडौँ । श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले विभिन्न निजी अस्पताल, बैंक तथा वित्तीय संस्थामा गरिएको अनुगमनका क्रममा श्रम कानुनको उल्लङ्घन पाइएको भन्दै ध्यानाकर्षण गराएको छ ।

विभागले विहीबार प्रेस विज्ञप्ति जारी गर्दै प्रचलित श्रम ऐन तथा नियमावली पालना नगर्ने प्रतिष्ठानलाई कानुनी कारबाही गर्ने जनाएको छ । विभागका अनुसार पछिल्लो समय गरिएका अनुगमनका क्रममा निजी अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा आपूर्ति गरिएका श्रमिकलाई 'ओभर टाइम'बापतको पारिश्रमिक नदिइएको पाइएको छ ।

त्यसैगरी, उनीहरूलाई लगातार लामो समय काममा लगाउने र सरकारले तोकेको न्यूनतम पारिश्रमिकसमेत उपलब्ध नगराएको पाइएको छ । विभागले यस्ता कैफियत देखिएका संस्थाहरूलाई तोकिएको समयभित्र सुधार गर्न निर्देशनसमेत दिएको छ । बैंक तथा वित्तीय संस्थामा आपूर्ति गरिएका सुरक्षाकर्मी र श्रमिकको हकमा पनि उस्तै समस्या देखिएको विभागले जनाएको छ। न्यूनतम पारिश्रमिक नदिने, धेरै घण्टा काममा लगाउने र चाडपर्व खर्चसमेत उपलब्ध नगराएको गुनासो आएपछि विभागले ती संस्थालाई प्रचलित कानुनी व्यवस्था कार्यान्वयनका लागि पत्राचार गरेको छ ।

विज्ञप्तिमा उल्लेख भएअनुसार विभागले २०८२ साउनदेखि २०८३ जेठ मसान्तसम्म तीन हजार २६७ प्रतिष्ठानको निरीक्षण गरेको छ । सोही अवधिमा तीन हजार १३७ प्रतिष्ठानमा बालश्रम निरीक्षण गरिएको र तीन हजार ३९० श्रम अडिट प्रतिवेदन प्राप्त भएको छ ।

त्यसैगरी, २०८२ चैत १३ गतेदेखि २०८३ असार १० गतेसम्ममा ७६१ प्रतिष्ठानको श्रम निरीक्षण गरिएको र ६७९ श्रम अडिट प्रतिवेदन प्राप्त भएको तथ्याङ्क छ। श्रम नियमावली २०७५ को नियम ५६ बमोजिम प्रत्येक प्रतिष्ठानले प्रत्येक वर्षको पुस मसान्तभित्र अनिवार्य रूपमा श्रम अडिट गराउनुपर्ने व्यवस्था छ ।

## तनहुँ-कास्कीबीच सुरक्षा समन्वय सुदृढ गर्ने निर्णय

दमौली । तनहुँ र कास्की जिल्लाका जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूको सहभागितामा अन्तर जिल्ला सुरक्षा समन्वय बैठक सम्पन्न भएको छ । दुई जिल्लाको साझा सुरक्षा चुनौती, अपराध नियन्त्रण तथा विपद् व्यवस्थापनका विषयमा आज सम्पन्न बैठकले समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने निर्णय गरेको छ ।

बैठकमा शान्तिसुरक्षा कायम राख्ने, विभिन्न प्रकारका आपराधिक गतिविधि नियन्त्रण गर्ने, लागुऔषधको अवैध ओसारपसार तथा बेचबिखन रोक्ने, अवैध चोरी निकासी नियन्त्रण गर्ने, राजमार्ग तथा सार्वजनिक स्थानको सुरक्षा व्यवस्थापन लगायत विषयलाई प्रभावकारी बनाउने सन्दर्भमा छलफल भएको हो । विपद्का घटनामा दुवै जिल्लाका सुरक्षा निकायबीच सूचना आदानप्रदान, उद्धार तथा राहत व्यवस्थापनमा समन्वयात्मक ढङ्गले काम गर्ने विषयमा सहमति भएको छ। बैठकले अन्तर जिल्ला सीमाक्षेत्रमा हुनसक्ने आपराधिक गतिविधि नियन्त्रण, फरार अभियुक्तको खोजतलास, निगरानी तथा कारबाहीलाई थप प्रभावकारी बनाउने निर्णय गरेको छ ।

## रेडक्रसद्वारा भ्रष्टाचार र अनियमितताका सम्बन्धमा उजुरी आह्वान

काठमाडौं । नेपाल रेडक्रस सोसाइटीले आफू मातहतका सबै तहमा हुने अनियमितता, भ्रष्टाचार र बेथितिहरू सम्बन्धमा उजुरी पठाउनुहुन सम्बन्धित सबैमा आह्वान गरेको छ ।

रेडक्रसले मातहतका सबै तहमा हुने अनियमितता, भ्रष्टाचार र बेथितिहरू सम्बन्धमा शून्य सहनशीलता प्रति प्रतिबद्ध रहँदै आएको जनाएको छ । त्यसका बाबजुद पनि साङ्गठनिक एवं गतिविधिहरू सञ्चालन गर्दा विभिन्न तहमा आर्थिक अनियमितता, भ्रष्टाचार तथा बेथितिहरू का समाचार प्रकाशन एवं प्रसारण हुँदै आएकाले संस्थाको छवि र निष्ठामा दूरगामी नकारात्मक प्रभाव पर्दै आएको भन्दै सो आह्वान गरिएको हो ।

रेडक्रसले त्यसको निराकरणको उद्देश्ले बुधबार सूचना प्रकाशित गरी ३५ दिनभित्र तथ्य र प्रमाणसहित कार्यालयको आधिकारिक इमेल र अन्य ठेगानामा अनियमितता, भ्रष्टाचार तथा बेथितिहरू सम्बन्धमा उजुरी पठाउनका लागि आह्वान गरेको जनाएको छ ।

उजुरी गर्ने व्यक्तिले आफ्नो पहिचान गोप्य राख्न चाहेमा संस्थाले गोपनीयताको संरक्षण गर्नेछ । प्राप्त उजुरी तथा गुनासोहरूको अध्ययन भ्रष्टाचार विरूद्ध अध्ययन अनुसन्धान विज्ञ त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक डा दिपेश घिमिरेको नेतृत्वमा अधिवक्ता यशस्वी थापा र चार्टर्ड एकाउन्टेन्ट सतिश सुवेदीको टोलीले गर्ने सूचनामा उल्लेख छ ।

टोलीले उजुरी गर्नका लागि इमेलः gunaso @nrcs.org, हुलाकः नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयमा प्रत्यक्ष दर्ता र केन्द्रीय कार्यालय पोष्ट बक्स २१७, निःशुल्क हटलाइन नं ११३०, तथा ह्वाट्स एप नं ९७४१६९५०९७ मा समेत उजुरी गर्न सकिने व्यवस्था गरिएको छ । प्राप्त हुने सबै सूचना तथा उजुरीलाई निष्पक्ष, स्वतन्त्र तथा गोपनीय ढङ्गले व्यवस्थापन गरिने रेडक्रसले जनाएको छ ।

## हुम्लाका सातवटै स्थानीय तहले ल्याए बजेट

अदानचुली । हुम्लाका सातवटै स्थानीय तहले बजेट सार्वजनिक गरेका छन् । आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सातवटै पालिकाले उत्पादन, पर्यटन, शिक्षा, स्वास्थ्य तथा भौतिक पूर्वाधारलाई प्राथमिकतामा राख्दै जनमुखी बजेट ल्याएका हुन् ।

सदरमुकाममा रहेको सिमकोटले कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन पहिलो प्राथमिकता राख्दै आगामी आवका लागि रु ६४ करोड ९५ लाख २८ हजारको बजेट ल्याएको छ ।

गाउँपालिकाका अध्यक्ष विजय भण्डारीका अनुसार घर बिमा, नवयुवाका लागि सीप विकास लगायत कार्यक्रमलाई अघि सारिएको छ । दक्षिणी क्षेत्रको अदानचुली गाउँपालिकाले शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार विकासलगायत क्षेत्रलाई प्राथमिकतामा राख्दै रु ३८ करोड ९७ लाख ८८ हजार २१८ को बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाका अध्यक्ष मोहनविक्रम सिंहका अनुसार कुल बजेटमध्ये रु १९ करोड २० लाख ९६ हजार २१८ चालुतर्फ र रु १९ करोड ७६ लाख ९२ हजार पुँजीगततर्फ विनियोजन गरिएको छ । गाउँसभामा प्रस्तुत बजेटमा विकास निर्माण, प्रभावकारी सेवाप्रवाह तथा स्थानीय जनताको आवश्यकता सम्बोधनलाई प्राथमिकतामा समेत राखिएको छ ।

खार्पुनाथ गाउँपालिकाले रु ४९ करोड ९५ लाख ५७ हजार २८८ बराबरको बजेट तथा कार्यक्रम पारित गरेको छ । गाउँपालिकाका अध्यक्ष कर्णबहादुर रावलका अनुसार रु २१ करोड ९८ लाख पुँजीगततर्फ र रु २७ करोड ९७ लाख ५७ हजार २८८ चालुतर्फ विनियोजन गरिएको छ । स्मार्ट गाउँपालिका, रैथाने बाली प्रवर्द्धन तथा माटोका छानामुक्त घर निर्माणलाई प्राथमिकता दिइएको उहाँले जानकारी दिनुभयो ।

त्यसैगरी, ताँजाकोट गाउँपालिकाले रु ३५ करोड ५७ लाख १० हजार ९६६ को बजेट ल्याएको छ । गाउँपालिकाका अध्यक्ष लालकेश जैशीका अनुसार शिक्षा, स्वास्थ्य, उत्पादन, घर बिमा तथा 'अध्यक्षसँग नवयुवा' कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ । जिल्लाको उत्तरी क्षेत्रमा रहेको नाम्खा गाउँपालिकाले पर्यटन, आयआर्जन, शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिँदै रु ३५ करोड ३२ लाख १५ हजार ८८८ को बजेट सार्वजनिक गरेको गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर लामाले जानकारी दिनुभयो ।

मध्यक्षेत्रमा रहेको सर्केगाड गाउँपालिकाले स्वास्थ्य, शिक्षा र कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै रु ५४ करोड २७ लाख ९४ हजार १२ को बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाका अध्यक्ष ठानबहादुर रोकायाका अनुसार आएको बजेटलाई विषयगत समितिमा विनियोजन गरी आवश्यक छलफलपश्चात् बजेट पारित गरिने बताउनुभयो ।

चङ्खेली गाउँपालिकाले रु ४२ करोड २९ लाख २० हजार ११० को बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाका अध्यक्ष प्यारीलाल शाहीका अनुसार कुल बजेटमध्ये रु २३ करोड ९० लाख २७ हजार ११० चालुतर्फ र रु १८ करोड ३८ लाख ९३ हजार पुँजीगततर्फ विनियोजन गरिएको छ । गाउँपालिकाले पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि तथा पशुपालनलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरेको उहाँले बताउनुभयो ।

सातवटै गाउँपालिकाले उत्पादन वृद्धि, पर्यटन प्रवर्द्धन, शिक्षा, स्वास्थ्य तथा आधारभूत पूर्वाधार विकासलाई केन्द्रमा राखेर आगामी आवको बजेट तथा कार्यक्रम सार्वजनिक गरेका छन् । जिल्लाका सबै गाउँपालिकाले पहिलो पटक एकैदिन गाउँसभाको आयोजना गरी बजेट तथा कार्यक्रम प्रस्तुत गरेका छन् ।

## फिफाको निलम्बनपछि नेपाली फुटबल अन्यौलमा

काठमाडौं । विश्वसँगै नेपालको सहरदेखि गाउँगाउँसम्म विश्वकप फुटबल प्रतियोगिता २०२६ को चर्चा चलिरहँदा यतिबेला नेपाली फुटबल क्षेत्रमा भने अन्यौलता छाएको छ । अन्तरराष्ट्रिय फुटवल महासङ्घ (फिफा)ले अखिल नेपाल फुटवल सङ्घ (एन्फा)लाई निलम्वन गरेसँगै नेपाली फुटबल क्षेत्रमा अन्यौलता छाएको हो ।

फिफा काउन्सिल ब्युरोले फिफा विधानको धारा १४ बमोजिम एन्फालाई अर्को सूचना जारी नहुँदासम्मका लागि निलम्वन गर्ने निर्णय गरेको छ । एन्फाको निर्वाचन प्रक्रिया, राष्ट्रिय खेलकुद परिषद्का निर्णयहरू तथा सरकारी निकायको हस्तक्षेप भएको भन्दै फिफाले विस्तृत समीक्षा गरेको थियो । राष्ट्रिय फुटवल सङ्घहरु स्वतन्त्र रुपमा सञ्चालन हुनुपर्ने र कुनै पनि सरकारी वा बाह्य निकायको हस्तक्षेप हुन नहुने फिफाको मान्यता छ ।

विसं २०७९ असार ६ गते निर्वाचित पङ्कजविक्रम नेम्वाङको वर्तमान कार्यसमितिले समयअगावै निर्वाचनको मिति सार्वजनिक गरेपछि एन्फाभित्र विभिन्न विवाद हुँदै आएको थियो । वर्तमान कार्यसमितिले बहुमतका आधारमा गत पुस १६ गते जिल्ला र प्रदेशको निर्वाचन नै नगरी गत चैत १३ गते केन्द्रीय निर्वाचनको मिति सार्वजनिक गरेपछि विवाद झन लम्बिएको थियो ।

यस विषयमा फिफा र एएफसीले कुनै आपत्ति नजनाएपछि एन्फाले जबर्जस्ती चुनावी प्रक्रिया अगाडि बनाउने कोसिस गऱ्यो । यही विवादबीच सरकारको नियमनकारी निकाय राष्ट्रिय खेलकुद परिषद्ले विधानविपरीत भएको भन्दै निर्वाचन प्रक्रिया रोक्नका लागि निर्देशनसमेत दियो । त्यसबीच एन्फाका केही कार्यसमिति सदस्यहरूले निर्वाचन प्रक्रियाविरुद्ध उजुरी दिएका थिए । यसै क्रममा पाटन उच्च अदालतले निर्वाचन गतिविधि रोक्न अन्तरिम आदेश जारी गरेको थियो भने राष्ट्रिय खेलकुद परिषद्ले एन्फालाई राष्ट्रिय खेलकुद विकास ऐनअनुसार विधान संशोधन गर्न निर्देशन दिएको थियो ।

त्यसपछि राखेपको निर्देशन अवज्ञा गरेको भन्दै गत चैत ११ गते एन्फालाई राखेपले तीन महिनाका लागि निलम्वन समेत गऱ्यो । पटकपटक वार्ता गरेपछि राखेपले गत जेठ १ गते निलम्बन फुकुवा गरेको थियो । निलम्बन फुकुवासँगै नेपाली राष्ट्रिय महिला टोलीले भारतमा आयोजना भएको महिला साफ च्याम्पियनसिपमा सहभागिता जनाएको थियो । विभिन्न विवादबीच सहभागिता जनाएको नेपाली महिला टोलीले उल्लेखनीय प्रदर्शन गर्न सकेन । त्यतिबेला नेपाल सेमिफाइनल खेलबाट बाहिरिएको थियो । सेमिफाइनल खेलमा नेपाल बङ्गलादेशसँग पराजित भएर घर फर्किएको थियो ।

पछिल्लो पटक एन्फाका अध्यक्ष नेम्बाङ र महासचिव किरण राई विश्वकप फुटवल प्रतियोगिताका लागि मेक्सिको प्रस्थान गर्न लाग्दा अध्यागमन विभागले विमान स्थलबाटै नै फर्काएको थियो । अखिल नेपाल फुटवल सङ्घका प्रवक्ता सुरेश शाहले सरकारले समयमा नै समन्वयनको भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "फिफाको चाहना सरकार वा कुनै पनि निकायको हस्तक्षेपबिना चल्नुपर्ने थियो तर फिफाको विधानविपरीत एन्फा सञ्चालनमा रोक लागेपछि फिफाले निलम्बन गरेको हो । उहाँले भन्नुभयो, "जतिसक्दो चाँडो सरकारले यस विषयमा समन्वय गर्न आवश्यक छ ।

तेस्रो पक्षको हस्तक्षेप नभएमा फिफाले निलम्बन हटाउन सक्छ । त्यसैले सरकारले यस विषयमा समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने आवश्यक छ ।"

## विदेश पठाउने नाममा ४७ लाख ९२ हजार ठगी गर्ने चार जना पक्राउ

काठमाडौं । वैदेशिक रोजगारका लागि विभिन्न देश पठाइदिने प्रलोभन देखाएर रु ४७ लाख ९२ हजार ठगी गरेको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा नवलपरासी (बर्दघाट सुस्तापश्चिम) सुस्ता गाउँपालिका-१ निवासी २३ वर्षीय सन्देश चौधरी, देवचुली नगरपालिका-५ निवासी ५३ वर्षीय भगवतप्रसाद थारू, चितवन भरतपुर महानगरपालिका-४ निवासी ४० वर्षीया सरस्वती बारघरे तथा काठमाडौं महानगरपालिका-२९ निवासी ३७ वर्षीय विकास दाहाल रहेका छन् ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीका अनुसार चौधरीले पोल्यान्ड पठाउने भन्दै रु २३ लाख, थारूले मकाउ पठाउने भन्दै रु पाँच लाख, बारघरेले क्यानडा पठाउने भन्दै रु तीन लाख ९२ हजार तथा दाहालले क्यानडा पठाउने भन्दै रु १६ लाख रकम असुलेका थिए ।

उहाँका अनुसार रकम लिएपछि उनीहरूले वैदेशिक रोजगारीका लागि विदेश नपठाई सम्पर्कविहीन बनेपछि पीडितहरूले उजुरी दिएका र सोही उजुरीका आधारमा अनुसन्धान अघि बढाउँदा चारै जनालाई काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट पक्राउ गरिएको हो ।

पक्राउ परेका चारै जनालाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि आज वैदेशिक रोजगार विभाग, ताहाचल काठमाडौं पठाइएको प्रवक्ता कार्कीले जानकारी दिनुभयो ।

## पार्टीलाई एकताबद्ध बनाएर लैजान्छौं : ओली

काठमाडौं । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पार्टीलाई एकताबद्ध बनाएर अगाडि बढाउने बताउनुभएको छ । निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन सम्बन्धमा सुझाव सङ्कलनका लागि पोखरामा आयोजित गण्डकी प्रदेशस्तरीय भेलालाई बिहीबार भर्चुअल सम्बोधन गर्दै उहाँले पार्टीलाई एकताबद्ध बनाएर अगाडि बढाएर विश्वास दिलाउनु भएको हो ।

नेपाल कम्युनिष्ट पार्टीले २०७४ को निर्वाचनमा राम्रो मत हासिल गरी सरकार सञ्चालन गरेको र त्यस कार्यकालमा देशको आर्थिक विकास, राष्ट्रियता, गरिबी निवारण, शान्ति सुव्यवस्था र सुशासनका दृष्टिले ऐतिहासिक काम गरेको अध्यक्ष ओलीको दाबी थियो । उहाँले एउटा निर्वाचनमा हारैमा सुदृढ सङ्गठन र व्यापक जनाधार रहेको एमालेका नेताकार्यकर्ताले निराश हुन नहुने बताउनुभयो ।

पार्टीले सातवटै प्रदेशमा पार्टी पुनर्गठन सम्बन्धमा सुझाव सङ्कलनका अभियान सञ्चालन गरिरहेको छ ।

## टिपरको ठक्करबाट बालिकाको मृत्यु

सुरुङ्गा (झापा) । झापाको बिर्तामोड नगरपालिका-३ हटियालाइनस्थित अदुवा खोला पुल नजिक टिपरको ठक्करबाट एक बालिकाको मृत्यु भएको छ ।

रामचोकबाट भद्रपुरतर्फ जाँदै गरेको मे१क ६४३ नम्बरको गिट्टी बोकेको टिपरले पैदल हिँडिरहेकी स्थानीय १० वर्षीया अनुकृति चापागाईलाई ठक्कर दिएको थियो । गम्भीर घाइते भएकी अनुकृतिलाई उपचारका लागि बिर्तासिटी अस्पताल पुऱ्याइएको थियो । अस्पतालमा चिकित्सकले उनलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जानकारी दिनुभयो । घटनापछि बालिकाको शव अस्पतालको शवगृहमा राखिएको छ । टिपर चालक बुद्धशान्ति गाउँपालिका-१ का ५३ वर्षीय श्यामप्रसाद दाहाललाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## जेहेन्दार विद्यार्थीलाई शैक्षिक सामग्री वितरण

ताप्लेजुङ । ताप्लेजुङ विकास मञ्चले दौँतारी नेपालको सहयोगमा जिल्लाका २०३ जना जेहेन्दार विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको छ । विगत छ वर्षदेखि निरन्तर शैक्षिक सामग्री सहयोग गर्दै आएको मञ्चले यस वर्ष जिल्लाका छ वटा विद्यालयका विद्यार्थीलाई झोला, जुत्ता, कापी, कलमलगायत शैक्षिक सामग्री प्रदान गरेको हो ।

मञ्चका अध्यक्ष सन्तोष प्रसाईंका अनुसार भगवती आधारभूत विद्यालय सिनाम, महेन्द्र आधारभूत विद्यालय खेवाङ, सूर्यदेवी माध्यमिक विद्यालय सान्याक्षा, सिद्धेश्वरी माध्यमिक विद्यालय डुम्रीसे, भगवती आधारभूत विद्यालय आम्वेगुदिन र तुलसी आधारभूत विद्यालय खेजेनिमका २०३ जना विद्यार्थीलाई सामग्री वितरण गरिएको छ । बिहीबार आयोजित एक कार्यक्रममा सम्बन्धित विद्यालयका प्रतिनिधिलाई शैक्षिक सामग्री हस्तान्तरण गरी विद्यालयसम्म पठाइएको अध्यक्ष प्रसाईंले जानकारी दिनुभयो । कार्यक्रममा दौँतारी नेपालका अध्यक्ष सम्पन्न स्थापितले यसपटक जिल्लाको एक विद्यालयलाई ल्यापटपसमेत प्रदान गरिएको बताउनुभयो ।

सो क्रममा उहाँका अनुसार फुङलिङ नगरपालिका स्थित दीपज्योति आधारभूत विद्यालयलाई शैक्षिक सिकाइमा उपयोग हुने लुमा सफ्टवेयरसहितको ल्यापटप हस्तान्तरण गरिएको छ । शिक्षाको पहुँच विस्तार र आर्थिक रूपमा कमजोर तथा जेहेन्दार विद्यार्थीलाई अध्ययनमा प्रोत्साहन गर्ने उद्देश्यले सहयोग कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ ।

## सुदूरपश्चिमको मौलिक पहिचान जोगाउन आवश्यक

गोदावरी । सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले सुदूरपश्चिमको मौलिक पहिचान जोगाउन प्रदेश सरकार लागिपरेको बताउनुभएको छ ।

धनगढीमा बुधबार आयोजित सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानको स्थापना दिवस कार्यक्रममा मुख्यमन्त्री शाहले भाषा, लोकसंस्कृति, कला र ऐतिहासिक सम्पदाको खोज, अनुसन्धान तथा संरक्षणमा प्रदेश सरकार कटिबद्ध भएर लागिरहेको बताउनुभयो । सुदूरपश्चिम प्रदेश भाषा, कला, संस्कृतिमा बेग्लै पहिचान बोकेको क्षेत्र भएकाले यसलाई जोगाउन सबैको सहयोग आवश्यक रहेको उहाँले बताउनुभयो । मुख्यमन्त्री शाहले सुदूरपश्चिममा मौलिक लोक साहित्यका रुपमा रहेका डेउडा, फाग, चैत, धमारी र भुवा जस्ता विधा भएकाले यसको जगेंना गर्न आवश्यक रहेको बताउनुभयो । प्रदेशको भाषा, साहित्य, कला, संस्कृति तथा इतिहासको संरक्षण, संवर्द्धन र अनुसन्धानमा सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानले खेल्दै आएको भूमिकाको प्रशंसा गर्नुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५१०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com